# कृषि विकास रणनीति, खाद्य सम्प्रभुता र किसान अधिकार

# प्रस्तुतीको खाका

- कृषि विकास रणनिती
- खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता
- किसान अधिकार

# कृषि विकास रणनीति

- दिर्घकाली कृषि योजना १९९५-२०१५ को समाप्ति पश्चात आगामी २० बर्ष सम्म नेपालको समग्र कृषि क्षेत्रलाई दिशानिर्देश गर्न बनेको
- १० बर्षे कार्ययोजना र मार्गचित्र सहित कृषि क्षेत्रको विगत तथा वर्तमानका कामहरुको समीक्षामा आधारित
- २० बर्षे रणनीतिक योजना

# कृषि विकास रणनीतिको दुरदृष्टि

आर्थिक बृद्धिलाई गति दिने

जीवनस्तर माथी उकास्ने

खाद्य तथा पोषण सुरक्षामा योगदान दिने

खाद्य सम्प्रभुता उन्मुख आत्मनिर्भर

दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र

१.	खाद्य तथा पोषण सुरक्षा
२.	गरिवी न्यूनीकरण
३.	कृषि व्यवसायमा प्रतिस्पर्धात्मकता
४.	उच्च र अझै थप समतामूलक आय
५.	किसानहरूका आधिकार सुरक्षित र सुदृढ

समावेशीकरण

दिगोपन



निजी क्षेत्र, सहकारी क्षेत्र

सु सम्वन्ध /सम्पर्क

सुशासन

उत्पादकत्व

नाफामूलक व्यवसायीकरण

प्रतिस्पर्धात्मकता

# ADS रणनीतिक रूपरेखा

शासन व्यवस्था (Governance)

# कृषि विकास रणनीतिका प्राथमिकताहरु

- नीतिगत प्रतिवद्धताको विश्वसनीयता
- विभिन्न निकायहरूवीचको सुदृढ समन्वय
- एकीकृत योजना
- प्रभावकारी कार्यान्वयनमा सहायता
- लैंगिक समानता र सामाजिक तथा भौगोलिक समावेशीकरणका
- प्रभावकारी अनुगमन र मूल्यांकन
- योजना तर्जुमा, कार्यान्वयन र अनुगमनका लागि कृषक र कृषि मुल्य श्रृंखलासंग सम्वन्धित समाजको सहभागिता सुनिश्चित गर्ने संयन्त्रको स्थापना (जस्तै किसान आयोग)
- क्षमता अभिवृद्धि
- खाद्य तथा पोषण सुरक्षा र खाद्य अधिकार
- व्यवस्थापन प्रणालीको स्थापना

उत्पादकत्व (Productivity)

- विकेन्द्रित कृषि प्रसार र कृषि अनुसन्धान प्रणाली
- सुदृढ कृषि शिक्षा प्रणाली
- जमिनलाई प्रभावकारी र दिगो ढंगबाट उपयोग
- चक्लावन्दी सहितको खेती क्षेत्र
- विस्तारित सिंचित क्षेत्र र सुदृढ सिंचाई प्रभावकारिता एवं व्यवस्थापन
- सहज र सरल मूल्यमा गुणस्तरीय कृषि सामग्रीमा पहुंच
- वीउ विजनको राष्ट्रिय दृष्टिकोण २०१३-२०२५
- विद्यमान बीउ नीतिहरूको प्रभावकारी कार्यान्वयन
- मलखाद आपूर्तिको व्यवहारिक समाधान
- जलवायु परिवर्तन, प्राकृतिक प्रकोपहरूमा सुधारिएको प्रतिरोधात्मक क्षमता
- दिगो कृषि–पशुपालन, असल कृषिजन्य अभ्यासहरू, असल भेटिनरी पशुपालन अभ्यास स्थापना र अबलम्बन गरिने

## कृषि विकास रणनीतिका प्राथमिकताहरु ........

# नाफामूलक व्यवसायिकरण (Profitable Commercialization)

- कृषि व्यवसायिकीकरणका लागि सुधारिएको लगानीको वातावरण
- व्यावसायिक कृषिका लागि करार प्रवन्धहरू
- प्रभावकारी व्यवसायिक कृषि क्षेत्रका लागि सहयोगी कर नीति
- वित्तीय तथा कृषिजन्य विमा उत्पादनहरू
- मूल्य अभिबृद्धि गर्ने खालका प्रतिस्पर्धी कृषि मूल्य श्रृंखला
- विस्तारित ग्रामीण सडक सञ्जाल
- बजारको जानकारी (Market intelligence) का लागि कृषि बजार सूचना, सूचना तथा सञ्चार प्रविधि (ICT) का उत्पादनहरूको उपयोग
- विस्तारित ग्रामीण विद्युतीकरण र नविकरणीय उर्जाहरू

## प्रतिस्पर्धात्मकतामा वृद्धि (Increased Competitiveness)

- बजार पूर्वाधारहरूको विकास
- साना तथा मझौला व्यावसायिक कृषि उद्यमहरू
- खाद्य र कृषिजन्य उत्पादनहरूको निर्यातमा वृद्धि
- खाद्य सुरक्षा तथा गुणस्तर अभिवृद्धि

# ADS का मुख्य कार्यक्रमहरु

- **फल्यागसिप कार्यक्रम (Flagship Programs)**
- **आधार कार्यक्रमहरु (Core Programs)**
- **अन्य कार्यक्रमहरु (Other Programs)**


**खाद्यान्न तथा पोषण सुरक्षा कार्यक्रम**
Food and Nutrition Security Program (FANUSEP)

**विकेन्द्रित विज्ञान, प्रविधि तथा शिक्षा कार्यक्रम**
Decentralized Science Technology and Education program (DSTEP)

**मूल्य श्रृंखला विकास कार्यक्रम**
Value Chain Development Program (VADEP)

**नव प्रर्वतन तथा कृषि उद्यमशिलता कार्यक्रम**
Innovative Agriculture Enterprenuership Program (INAGEP)

# दश वर्षे बजेट प्रक्षेपण (रु.दश लाखमा)



# ADS को १० बर्षे बजेट, लागत र बार्षिक औसत

| मुल्य | अमेरिकी डलर (मिलियन) | रुपैंया (अरब) | रुपैंया प्रति बर्ष (अरब) | प्रतिशत |
|---|---|---|---|---|
| कुल | ५,२८२ | ५०१.८ | ५०.२ | १०० |
| सरकार/दातृ निकायहरु | ४,६८३ | ४४४.९ | ४४.५ | ८९ |
| निजी/ सामुदायिक | ६०० | ५७.० | ५.७ | ११ |

# ADS को मुल्याङ्क र अनुगमन

- गतिशिल दस्तावेज
- जिम्मेवार निकायहरुको व्यवस्था
- आवधिक समिक्षा (संसदको कृषि तथा जलस्रोत समिति)
- राज्यको पूर्नसंरचना पश्चात तत्काल समिक्षा
- हरेक ५ वर्षमा स्वतन्त्र मूल्यांकन

# कृषि विकास रणनिती कार्यान्वयनका महत्वपुर्ण सवालहरु


- ३ वटै तहका सरकारहरुबाट कृषि विकास रणनितीको अपनत्व
- कृषि विकास रणनितीको उद्देश्य अनुरुप निती तथा कार्यक्रम
- बजेट प्रतिवद्धता र श्रोत व्यवस्थापन एडिएस कोष व्यवस्थापन समेत
- साझेदारी नियकायहरु सँगको समन्वय
- संघिय संरचना अनुसारको संस्थागत व्यवस्था

# कृषि विकास रणनीतिको कार्यान्वयन अवस्था

# क. ADS सम्बन्धित परियोजनाहरु

## १. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

➢एडीएस कार्यान्वयनको लागी यस परियोजना मार्फत ४ वटै फ्ल्यागशिप अन्तर्गतका कृयाकलापहरु सन्चालन भएको



## २. कृषि तथा खाद्य सुरक्षा आयोजना

- खाद्य तथा पोषण सुरक्षा फल्यागशिप अन्तर्गत हाल प्रदेश नं ६ र ७ का १४ जिल्लाहरुमा सन्चालनमा रहेको

## ३. खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि परियोजना

AFSP II अन्तर्गत खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि परियोजना (FANSEP) प्रदेश नं २, ३ र ४ का विभिन्न ८ जिल्लाहरुमा सन्चालनमा आउने

## ४. युरोपियन युनियनको बजेटरी सहयोग

- युरोपियन यूनियनको ADS का लागि ४० मिलियन युरो बराबरको बजेटरी सहयोग का लागि सूचकहरु र कार्यक्रम तयारी अन्तिम चरणमा रहेको

## ५. ADB Support to ADS Value Chain Flagship

- एसियन विकास बैंकले ADS को मूल्य श्रृखला अभिवृद्धि फल्यागशिपका लागि प्राविधिक सहयोग उपलब्ध गराउन परामर्शदाता मार्फत अध्ययन भैरहेको

# प्रभावकारी कार्यान्वयनका लागि गर्नुपर्ने केही कार्यहरु

- मन्त्रालयमा कृषि विकास रणनीति कार्यान्वयनका लागि बलियो संरचना रहनुपर्ने ।

- ३ वटै तहका सरकारहरुका लागि यसले मार्गदर्शनका रुपमा कार्य गर्ने हुँदा यस दस्तावेजलाई अपनत्व लिदैं आफ्नो भौगोलिक संभाव्यता र आवश्यकता अनुसार कार्यान्वयन भए रणनीतिले लक्षित गरेका उद्धेश्य र लक्ष्यहरु हासिल हुने ।

- रणनीतिले विद्यमान कृषि प्रसार सेवाको पहुँच निकै कम रहेकोले पहुँच विस्तारका लागि सामुदायिक कृषि प्रसार सेवा केन्द्रको परिकल्पना गरेकोमा सोही अनुसारको जनशक्ति व्यवस्थापन हुनुपर्ने

*सवै स्थानिय तहहरुमा अधिकृत सहितको कृषि प्राविधिकहरुको दरवन्दी समेत स्वीकृत भएको*

➢ **<u>रणनीतिले ADS Trust Fund</u>** स्थापना गरि नेपाल सरकार र विकास साझेदारहरुको तर्फबाट प्रतिवद्धता भए अनुसारको लगानी सोही कोष मार्फत परिचालन गर्ने परिकल्पना गरेको भएता पनि हाल सम्म सो कोष स्थापना हुन नसकेको

➢ कृषि विकास रणनीतिलाई गर्ने सहयोगको मोडालिटीमा दातृ निकायहरुको समेत अन्यौलता देखिएकाले **<u>सरोकारवाला निकायहरु र विकास साझेदारहरु समेतको सहभागितामा सहयोग जुटाउने र परिचालन गर्ने मोडालिटीमा स्पष्ट हुनुपर्ने</u>**

➢विभिन्न १३ वटा विकास साझेदारहरु, कृषक संजाल, सरोकारवाला विभिन्न सरकारी एवं गैह्र सरकारी निकायहरु समेतको सक्रिय सहभागितामा तयार भएको नेपालको **<u>कृषि क्षेत्रको विकासको साझा रणनीतिका रुपमा यस दस्तावेजको कार्यान्वयनमा समेत सबै निकायहरुको सक्रियता जरुरी</u>** रहेका छ ।

# खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता

# खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता

**खाद्य तथा खाद्य सम्प्रभुता ऐन २०७५ जारी २०७५/०६/०२**

**ऐन मा उल्लेख भए अनुसार**

**खाद्य सुरक्षा** भन्नाले सक्रिय र स्वस्थ मानव जीवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँच

**खाद्य सम्प्रभुता** भन्नाले खाद्य उत्पादत तथा वितरण प्रणालीमा किसानले उपभोग वा अभ्यास गर्ने देहायको अधिकार सम्झनु पर्छ ।

१. खाद्य सम्वन्धी नीति निर्माण प्रक्रियामा सहभागी हुने,

२. खाद्य उत्पादन वा वितरण प्रणालीसँग सम्वन्धित कुनै पनि व्यवसाय रोज्ने,

३. कृषि योग्य भुमि, श्रम, बीउ विजन, प्रविधि, औजारको छनौट गर्ने

४. कृषि व्यवसायको विश्वव्यापीकरण वा व्यापारीकरणको प्रतिकुल प्रभावबाट मुक्त रहने ।

# खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्वन्धी ऐनमा उल्लेख भएका मुख्य मुख्य व्यवस्थाहरु

## परिच्छेद २
## खाद्य तथा खाद्य असुरक्षाबाट संरक्षण

३. खाद्य सम्वन्धी अधिकारको सम्मान, संरक्षण र परिपुर्ति
४. भोकमरीको रोकथाम र नियन्त्रण
५. लक्षित घर परिवारको पहिचान
६. खाद्य सहायता परिचयपत्र
७. निःशुल्क वा सहुलियत मूल्यमा खाद्य सहायता उपलब्ध गराउने
८. खाद्य पोषण तत्वको मापदण्ड तोक्ने
९. आपतकालीन खाद्य तथा पोषण सुरक्षा
१०. खाद्य सङ्कट ग्रस्त क्षेत्र घोषणा गर्न सक्ने
११. स्थानीय खाद्यलाई प्राथमिकता दिने

# परिच्छेद ३
## खाद्य सम्प्रभुताको अधिकारको संरक्षण र प्रर्वद्धन

१२. खाद्य सम्प्रभुताको अधिकारको सम्मान, संरक्षण र परिपुर्ति
१३. कृषि पेशाको संरक्षण र किसानको जीवनस्तरको प्रर्वद्धन
१४. किसानको पहिचान र सम्मान
१५. कृषि योग्य भूमिको दिगो उपयोग
१६. स्थानीय कृषि बाली तथा पशुजन्य उत्पादनको प्रर्वद्धन
१७. कृषि योग्य भूमिको दिगो व्यवस्थापनको जिम्मेवारी
१८. लक्षित कृषि विकास कार्यक्रम संचालन
१९. जलवायु परिवर्तनबाट हुन सक्ने असरको न्यूनीकरण

# किसान अधिकार

- किसान अधिकार भन्नाले परम्परागत तथा आर्जित किसानको सिप, ज्ञान, प्रविधि, रैथानेवालीको जात, बीउ  किसानले विकास गरेको जात र बीउ, कृषिमा प्रयोग हुने प्राकृति श्रोत र आधारभुत कृषि सामाग्रीमा किसानको पहुँच र अधिकारलाई सम्झनुपर्छ । (राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३)

**आनुवंशिक स्रोतको आधारमा किसान अधिकार**

- जैविक तथाआनुवंशिक स्रोत र यस सम्बन्धी परम्परागत ज्ञानको संरक्षण, सम्बद्र्धन, उपयोग र व्यापारिक प्रयोजन बाट प्राप्त लाभको समन्यायिक बाँडफाँडमा कृषकहरुको सुनिश्चित पहुँचनै किसान अधिकार हो ।

# किसान अधिकार समग्रमा

- दिगो रुपमा मर्यादित र सम्मानित तवरले कृषि पेशा अवलम्बन गर्न किसानलाई आवश्यकपर्ने गुणस्तरीय उत्पादन सामाग्री एवं सेवा टेवाको समयमैं प्राप्तिनै किसान अधिकार हो ।

- खाद्यसुरक्षा एक प्राविधिक अवधारणा, खाद्य सम्प्रभूता एक राजनीतिक तथा आर्थिक अवधारणा हो भने किसान अधिकार खाद्य अधिकार जस्तै एक कानूनी अवधारणा हो ।

( नेपालको संविधान तथा विभिन्न नीतिहरुमा किसानको हक अधिकार सम्वन्धि व्यवस्था)

## संवैधानिक व्यवस्थाः नेपालको संविधान २०७२ प्रस्तावना

आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प

## संविधान प्रदत्त मौलिक हक

## धारा ३० स्वच्छ वातावरणको हक

(१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।

(२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(३) राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन ।

## धारा ३६ खाद्य सम्बन्धी हकः

(१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

## धारा ३७. आवासको हकः

(१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ ।

(२) कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन ।

## धारा ४० दलितको हक

(५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ ।

(६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।

## धारा ४२ सामाजिक न्यायको हकः

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।

(४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।

## भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

## धारा ५१ राज्यका नीतिहरु (ङ) कृषि र भूमिसुधार सम्बन्धी नीतिः

(१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई अनुरुप वैज्ञानिक भूमिसुधार गर्ने,

(२) अनुपस्थित भु-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(३) किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोगयवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

(४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

(५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने

### ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः

(१२) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने,

# कृषि विकास रणनीतिमा किसानका अधिकार

# कृषि विकास रणनीतिमा किसानका अधिकार

- राष्ट्रिय किसान सञ्जाल समेतको सहकार्यमा तयार ।
- योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन र रणनीतिको कार्यान्वयनमा किसानहरूको सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र प्रदान (विभिन्न समितीहरुमा प्रतिनिधित्व-NADSIC, NADSCC, CADIC, RADC, DADC, NARC,CAESC (सामुदायिक कृषिप्रसार सेवा केन्द्र, ३१५७)
- किसानहरूका अधिकारहरूको सुरक्षालाई एडिएसको सुशासनको रणनीतिक संभाग अन्तर्गतका गतिविधिमा समेटिने गरी विकास गरिने ।
- किसानहरूका अधिकारहरूलाई सुनिश्चित गर्न र विभिन्न नीतिगत संरचनागत संयन्त्रमा किसानको प्रतिनिधित्वका लागि एक उच्चस्तरीय अधिकार सम्पन्न र स्थायी प्रकृतिको किसान आयोग गठन गरिने ।

# प्रमुख सवाल र चुनौतिहरु

- किसानका अधिकार सम्बन्धि सचेतना,
- उत्पादन स्रोत सामाग्रहरुको न्यून उत्पादकत्व
- उत्पादन सेवा, स्रोत सामाग्रहरुमा पँहुच
- कृषि विकासका कार्यक्रमहरुमा लक्षित समूदायको पहुँच (औपचारीक पहुँचकरिव २० प्रतिशत)
- गुणस्तरिय उत्पादन सेवा, समाग्रीमा पहुँच,
- रैथाने, बाली–जात–नश्ल–परम्परागत ज्ञानसिपहरु-लोपोन्मुख, न्यून सदुपयोग,
- बहुराष्ट्रिय कम्पनीहरु संगको प्रतिस्पर्धा
- मौजुदा नीतिहरुको समय सापेक्ष परिमार्जन (WTO, संघियता आदि)
- नीति निर्माण–परिमार्जनमा किसानहरुको सहभागीता

# आयातमा वृद्धिका केही कारणहरु

- ✓ मानिसको प्रति व्यक्ति आम्दानीमा भएको वृद्धिसंगै खानेबानीमा आएको परिवर्तनले गर्दा गहुँ मकै भन्दा भात खाने बानी बढ्दै गएको छ
- ✓ धानबालीमा मसिना तथा वास्नादार चामलको माग बढ्दै गएकाले यसको आयात बढ्दो रहेको छ ।
- ✓ पशुपालन र पोल्ट्री व्यवसाय फस्टाउदै गएको र त्यसका लागि आवश्यक दाना प्रयोजनका लागि विशेषत मकैं र भटमासको पिना आयात अधिक रहेको छ
- ✓ तरकारी बाली तर्फ मुख्यत आलु र प्याजको आयात अत्याधिक देखिएको भएता पनि अन्य ताजा तरकारीका सम्बन्धमा भने लगभग व्यापार सन्तुलनको अवस्था देखिन्छ

# अबको आवश्यकता

- किसानका अधिकार सम्बन्धि सचेतना अभिवृद्धि र बहस पैरवी
- मौजुदा कानून, नीति नियमहरुको प्रभावकारी कार्यान्वयन
- अत्यावश्यक थप ऐन, कानूनहरुको निर्माण र कार्यान्वयन (राष्ट्रियकिसानआयोग ऐन-नियमावली-निर्देशिका, खाद्यअधिकार र खाद्यसंप्रभूताऐन, करार खेतीऐन, बजार ऐन, भूउपयोग ऐन आदी) ।
- अन्तराष्ट्रिय महासन्धी (Convention) तथा अभिसन्धि (Protocol) र प्रतिवद्धताहरुलाई यथोचित कानूनीरुप
- वदलिदो परिवेश (WTO, संघियताआदि) अनुरुप नीति निर्माण-परिमार्जन
- नीति निर्माणमा लक्षित समुदायको अर्थपूर्ण सहभागिता
- किसान सामाजिक सुरक्षाको व्यवस्था
- किसान कल्याणकोष-पेन्सनस्किम
- किसानहरुको वैज्ञानीक वर्गिकरण
- किसान परिचय पत्र वितरण

# १५ औ योजनाका लागि तय गरिएका लक्ष

## लक्षहरुः

| वाली/ उपज | आधार वर्ष २०७४/७५ हजार मेट | अन्तिम वर्ष २०८०/८१ हजार मेट |
|---|---|---|
| धान | ५१५१ | ६१७३ |
| मकै | २५९६ | २९२७ |
| गहु | १९४९ | २४२० |
| तरकारी | ४०९९ | ४५०० |
| आलु | ३०८८ | ३४९८ |
| फलफुल | १०१० | १५१० |
| दलहन | ३६८ | ५१२ |
| माछा | ९० | १३५ |
| दुध | २०८५ | २७११ |
| मासु | ३४७ | ४५१ |
| अण्डा गोटा | १४७ करोड | २०६ करोड |

# अबको आवश्यकता

- गुणस्तरिय उत्पादन श्रोत साधन र सेवाटेवामा किसानको सर्वसुलभ पँहुच (बजार, बीमा, सुलभ कर्जा आदिसमेत)
- उत्पादीत वालीवस्तुहरुको आवश्यक पूर्वाधार सहित, भण्डारण र बजारीकरण
- रैथाने, बाली-जात-नश्ल-परंपरागत ज्ञानसिपहरुको अभिलेखीकरण एवं संरक्षण, र विवेकपूर्ण सदुपयोग, लाभको समन्यायिक बाँडफाड दायित्व र जिम्मेवारी प्रति सम्बद्ध सबैको जवाफदेहिता

- उच्च प्रविधि युक्त हाइटेक ग्रिन हाउस








# कृषक वर्गिकरणको नमुना



कृषक दर्ताका लागि निवेदन संकलन (कृषि सम्बन्धी निकाय वा घुम्ती सेवा मार्फत)




सबै साधारण कृषकहरुको पहुँच हुने गरि भौचर उपलब्ध गराउने र नियमन गर्ने, प्राविधिक पृष्ठपोषण




१. व्यवसायिक रुपमा खेती गर्न चाहने सबैको पहुँच हुने गरि सहुलियतपूर्ण ऋण, विमा, भन्सार, विधुत महशुल छुट लगायत नीतिगत सहयोग



२. सरकारको प्राथमिकता र लक्ष्य अनुसारका बाली/वस्तु उत्पादनका लागि प्रतिफलमा आधारित विशेष अनुदान




खेतीयाग्य भूमि करार स्थानीय इकाइ
डिभिजन सिंचाइ कार्यालय
एग्रोभेट
AICL, STCL
वित्तिय संस्था
सरकारी, निजि नर्रसरी
भौचर प्रणाली सन्चालनका लागि दर्ता
स्थानीय कृषि इकाइ
भौचर प्रणाली मार्फत रसायनिक, प्रागारिक मल, उन्नत वीउ, विषादी, यन्त्र औजारहरु सुनिश्चितता
१. साधारण कृषक सहयोग
प्रविधि परिक्षण र प्रसार एवं प्राविधिक पृष्ठपोषण
कृषि ज्ञान केन्द्र
अवश्य कता अनुसार का तालिम र प्रविधि सहयोग
प्रशोधन र बजारिकर णका लागि बिक्रि योग्य परिमाण का लागि समन्वय
बजार, भण्डारण प्रशोधन संरचनाहरु निर्माण सहयोग
समन्वय र सहकार्य मा
प्रादेशिक निर्देशनालय, मन्त्रालय
कृषि पूर्वाधार विकास तथा यान्त्रिकरण प्रवर्द्धन केन्द्र
कृषि तालिम केन्द्रहरू
NARC
२.बाली र वस्तु विशेष कृषक

# कृषि क्षेत्रको रुपान्तरणका लागि प्रस्तावित आयोजनाहरु

# (Game changer projects)

खाद्य स्वच्छता तथा गुणस्तर अभियान

कृषि बजार प्रवर्द्धन आयोजना

किसान कल्याण प्रवर्द्धन कार्यक्रम

एक पालिका एक मोडेल फार्म प्रवर्द्धन कार्यक्रम

सिंचित क्षेत्र सघन धान उत्पादन कार्यक्रम

कृषि अनुसन्धान तथा प्रसार कार्यक्रम

कृषि औजार सामाग्री उत्पादन प्रवर्द्धन कार्यक्रम

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

बंगुर व्यवसाय प्रबर्द्धन कार्यक्रम

छाला तथा पश्मिना मूल्य श्रृंखला विकास  कार्यक्रम

पशुजन्य वस्तु आयात प्रतिस्थापन आयोजना

# धन्यवाद